**नगरकार्यपालिका बैठक नं. १८३, मिति २०८२।०८।१७ गते बुधबार**

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा।

२. नगरसभाको मिति तय गर्ने सम्बन्धमा।

३. कानून संशोधन सम्बन्धमा।(सहकारी ऐन)

४. म्याद थप सम्बन्धमा।

५. इन्डक्सन चुलो वितरण सम्बन्धमा।

६. बचत भएको निर्माण परिमाण प्रयोग सम्बन्धमा।

७. विविध।

**निर्णय नं. १**

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

**निर्णय नं. २**

नगरसभाको हिँउदे अधिवेशन यही मिति २०८२ पौष ९ गते बुधबार बस्ने मिति तय गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको सहकारी ऐन २०७४ संशोधन प्रस्ताव आगामी नगरसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका ठेक्का सम्झौताको तोकिएको मितिमा काम सम्पन्न नभएकोले ती ठेक्काहरुको म्याद थपका लागि आवश्यक कागजात सहित निवेदन प्राप्त भएकोले सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली २०७९को नियम १२०क बमोजिम म्याद थपका लागि पूर्वाधार विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका ठेक्काको म्याद थप गर्ने।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/20/080/081 | वडा नं. ८ को मर्फाटोलमा कर्ण चौधरीको घरदेखि मर्पाडाँडासम्म सडक स्तरउन्नती | श्री थ्रि जी कन्सट्रक्सन प्रा.लि. | २०८१।०९।०७ | २०८१।०३।३१ | २०८२।१२।२९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | NCB/WORKS/ GSMC/05/ 081/082 | भैसाही बर्गद्दी सडक उखुबारीदेखि क्वाडी जाने सडक, कृष्ण टोल सडक, ओखरा वेलभार सडक, मघै सडक, ल्याण्डफिल्ड साइड जाने सडक, गोरखनाथ टोल सडक, गौतम बुद्ध टोल उन्नतीनगर टोल सडक, वि.पि. चोकदेखि दक्षिण सडक, मालपोत पछाडीको सडक, सुशिला पाण्डेको घरदेखि पूर्वतर्फको सडक, मधुवन  टोल सडक, लालीगुराँस टोल सडक, नवजलजला टोल सडक, बसपार्कदेखि मंलेरी सडक, भ्युडर टोल सडक, झारवैरा चोक दक्षिण सडक, खानेपानी जाने बाटो, जलौरा चोक दक्षिण सडक, बुकाली डाँडाँदेखि पोखरासम्मको सडक, सर्रा सौडियार सडकदेखि कनरिया सडक पिच मर्मत। | प्रिज्मा एण्ड प्रासि कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ ३२ | २०८१।०१।२१ | २०८२।०३।३० | २०८२।०९।३० |
| ३ | NCB/WORKS/ GSMC/06/ 081/082 | वडा नं. ५ रज्जे मन्नामे सडक विस्तार | टि.के इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि. कोहलपुर बाँके | २०८१।११।२५ | २०८२।०३।२५ | २०८२।०९।२८ |
| ४ | NCB/WORKS/ GSMC/03/ 081/082 | वडा नं. ५ रामघाट राम बहादुर नेपालीको घरदेखि खडग बि.केको घरसम्म बाटो स्तरउन्नती, वडा नं. १० नारायणपुर थारुगाउँ टोल न्युरोड टोल जलौरा टोलदेखि बुधौरा जाने अधुरो सडक, कालोपत्रे गर्ने काम, वडा नं. १३ कमान सिंह भारतिको घरदेखि डबरडिंगा पिच जोडने तेस्रो बाटो स्तरउनन्ती, लम्मीडाँडा टोल गजबहादुर बुढाको घरदेखि दक्षिणतर्फ नाला निर्माण, वडा नं. १६ सानी अम्बापुर टोल कबिला रिसोर्ट जाने अधुरो पिच, लेटार खल्यानदेखि अग्रवाडाँडाँ जाने बाटो पिच, वडा नं. १६ डण्डविर वलीको घरहुँदै लरैना चोकसम्म सडक स्तरउनन्ती, वडा नं. १७ के.सी. किराना पसलदेखि ज्ञानेन्द्रको घरसम्म सडक स्तरउन्नती, वडा नं. १७ ढिकपुर खेलमैदानको पूर्वतिररहेको अधुरो पिच निर्माण। | वि.के. शैलुङश्वरी जे.भी. रामेछाप | २०८१।१२।०६ | २०८२।०३।२५ | २०८२।१२।३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | NCB/WORKS/GSMC/16/080/081 | वडा नं. ८ कटूकीदेखि ढकेलपूर जोडने नदीको छेउमा रहेको सोतामा कल्भर्ट निर्माण, वडा नं. ६ लख्वार छोटकी भचेना सोतामा कल्भर्ट, शिवबस्ती टोल मा.वि. जजरागाउ स्कूल पश्चिम कल्भर्ट निर्माण, वडा नं. ६ गूरुवागाउमा बेरुवागाउ कूलोमा कल्भर्ट, वडा नं. ४ सुर्केडाँगी चेपे दोभान नजीक शवदाह जाने बाटोमा कल्भर्ट निर्माण, वडा नं. १७ पचुर्का उज्वल टोल मोहन वलिको घर जाने बस्ति जोड्ने कल्भर्ट निर्माण, वडा नं. १६ लख्वारे खोला भूयारथान देखि सून्दरनगर जाने बाटोमा अधूरो कल्भर्ट निर्माण । | शिव निर्मल/सुलिकोट/जया जे.भी. | २०८१/०६/१८ | २०८२/०२/३० | २०८२।०८।२९ |
| ६ | NCB/WORKS/GSMC/26/079/080 | वडा नं. ३ झिङ्नी चोकदेखि नवनिर्मित वडा कार्यालयसम्म सडक स्तरउनन्ती | अपर्चुनिटी कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ ३, टोखा | २०८०/०६/१८ | २०८१/०३/३१ | २०८१।११।२९<br>२०८२।०३।२९<br>२०८२।०९।२९ |
| ७ | NCB/WORKS/GSMC/07/078/079 | नारायणपुर स्वास्थ्य संस्था भवन निर्माण वडा नं. १० | रोयल विल्डर्स | २०७८।१२।०७ | २०७९।०३।३१ | २०८२।११।२९ (चौथो पटक पूर्व निर्धारित क्षतिपूर्ति असुलउपर सहित) |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका वडा नं. ११ बस्ने करमविर चौधरीको नाममा रहेको साविक नारायणपुर १ग कि.नं. ३१ क्षेत्रफल ०-१-१३ जग्गा र बुद्धिराम थारुको नाममा रहेको साविक नारायणपुर गाविस नक्सा नं. १ ग कि.नं. ४०३ क्षेत्रफल ०-१-० जग्गा सम्याउने कार्यका लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९ को उपदफा (४) बमोजिम पेश भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

**निर्णय नं. ५**

बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र घोराही उपमहानगरपालिकाको अनुदानमा लाभग्राही लागत सहभागिता सहितको १३०० थान इन्डक्सन चुल्हो वितरणका लागि वडा नं. १०, १३, १४, १५, १६, १७ र १८ छनौट गर्ने यसरी वितरण गर्दा जनसंख्याको आधारमा घरमा कम्तिमा १५ एम्पियरको विद्युत जडान भएको प्रमाणीत कागजात  र वडाको सिफारिससाथ निवेदन संकलन गरी तपसिलको संख्यामा चुल्हो वितरण गर्न वातावरण तथा विपद व्यवस्थापन शाखालाई जिम्मेवारी दिने साथै बायोग्याँस प्लान्टको हकमा पशुपालन गर्ने (कम्तीमा १ वटा गाई/भैसी पालन गरेको) किसानलाई प्राथमिकतामा राखी लाभग्राही छनौट गर्न समेत शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

**तपसिलः**

| वडा नं. | जनसंख्या | वितरण हुने चुल्होको संख्या | कैफियत |
|---|---|---|---|
| १० | १५२९६ | १८८ | |
| १३ | १२८७८ | १५८ | |
| १४ | १२००४ | १४८ | |
| १५ | २९०४४ | ३५७ | |
| १६ | ९७५८ | १२० | |
| १७ | १३८२५ | १७० | |
| १८ | १२९६६ | १५९ | |
| | जम्मा | १३०० | |

**वडा नं. ६**

घोराही उपमहानगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१मा सञ्चालित ठेक्का नं. NCB/WORKS/GSMC/16/080/081 हालसम्म कार्य प्रगति ९१% मात्र भएको तथा सो ठेक्का प्याकेज अन्तर्गत पर्ने वडा नं. ६ लख्वार छोटकी भचेना सोतामा कल्भर्ट निर्माण कार्य पुरा भई बचत भएको मेसिनरी वाल र जालीको परिमाण उक्त वडा कै लखुवार टोल अन्तर्गत नरवदेश्वर मार्गमा पर्ने कमल रावतको घरको पूर्वतर्फको बाटोमा लगाउन अनुमती दिने।

**निर्णय नं. ७**

**७.१** जेष्ठ नागरिक दिवा सेवा केन्द्र घोराही १५ उत्साह टोललाई खिर खाने कार्यक्रममा भएको खर्चको विल अनुसारको रकम रु.६९१५।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**७.२** घोराही उपमहानगरपालिका वडा नं. १५ बस्ने अमृत क्याम्पसमा स्नातकोत्तर वनस्पती शास्त्रमा अध्ययनरत छात्र शिशिर खड्काले Phytochemical Extraction of some medicinal Plants fond in dang valley western Nepal विषयमा थेसिस गर्न आर्थिक सहयोग माग गर्नुभएकोले उहाँलाई रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुनेगरी सहयोग रकम उपलब्ध गराउने।

**७.३** यस कार्यालयमा जे.सि.वि. अपरेटर पदमा कार्यरत कर्मचारी खुशीराम चौधरी विपद व्यवस्थापनको काममा काम गर्ने क्रममा ढाडमा समस्या आइ उपचार गराइरहनुभएकोले उहाँलाई उपचारमा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१५,०००।-सम्म उपचार खर्च घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने।

**७.४** यहि मिति २०८२।०६।०२ गते बसेको नगरकार्यपालिकाको १७८औं बैठकको निर्णयबाट समिति लगायत सबै प्रकारका बैठक भत्ता उपलब्ध नगराउने निर्णय भएकोमा अब उप्रान्त कानून बमोजिम गठन भएका समिति र विज्ञ आमन्त्रित गर्नुपर्ने बैठकको बैठक भत्ता उपलब्ध गराउने।